प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

# गोलभेंडा प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** गोलभेंडा न्यानो मौसममा उष्ण, उपोष्ण र शीतोष्ण हावापानी भएका क्षेत्रमा खेती गरीने महत्वपूर्ण तरकारी बाली हो ।यो साधरणतया हिउँद महिनामा खेती गरिने एक वर्षे बाली भएता पनि वेमौसमी तरकारी खेतीको पर्यायवाचीको रूपमा विकास भएको यसको खेती मध्य पहाडमा बाह्रै महिना जस्तो गरिन्छ ।यो फल खाने तरकारी बाली काँचै सलादको रूपमा खानुका साथै प्रशोधित परिकारहरू जस्तै रस, केचप, लेदो, अचार, धुलो र अरू धेरै उत्पादन गर्न सकिन्छ ।आधुनिक प्रविधिहरूको प्रयोग गरी गोलभेंडाको प्रशोधित गुणस्तरीय कृषि उपज उपभोक्ताहरूलाई उपलब्ध गराउने उद्देश्यले गोलभेडा प्रशोधन केन्द्र स्थापना गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"गोलभेडा प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अनुदान"** भन्नाले यस कार्यक्रम कार्यान्वयन गर्न उपलब्ध गराइने नगद अनुदान रकम सम्झनु पर्छ ।

(ख) **"अनुदानग्राही"** भन्नाले अनुदान सहयोग पाउनका लागि छनौट भएका कृषि फर्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ग) **"आवेदक"** भन्नाले योग्यता पुगेका गोलभेडा प्रशोधन केन्द्र निर्माण गर्न अनुदान मागका लागि प्रस्ताव पेश गर्ने कृषि फर्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थालाई सम्झनु पर्छ ।

(घ) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतका कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"परियोजना"** भन्नाले प्रशोधन केन्द्र संरचना निर्माणलाई सम्झनु पर्छ ।

(छ) **"प्रशोधन केन्द्र"** गोलभेडाको फलको प्रशोधित परिकार तयार गर्न गोलभेडा धुने, पखाल्ने, स्तरीकरण गर्ने, छाट्ने, प्रिकुलीङ गर्ने, भौतिक, जैविक तथा रासयिनिक प्रदुषण हटाउने, आधारभूत कच्चा पदार्थ तयार गर्ने, डिग्रिनिंग गर्ने, फल पकाउने, रोगकिरा नष्ट गर्ने, तातो वा चिसो उपचार गर्ने, ग्रेडिंग गर्ने, सुकाउने, प्रशोधन गर्ने, प्याक गर्ने, गुणस्तर परिक्षण गर्ने, लेबल लगाउने, बार कोड टास्ने, सफ्टवेयर, सूचना प्रणाली नियन्त्रण कक्ष, प्रमाणीकरण गर्ने मेसिन, औजार उपकरण सहितको भवन वा संस्थालाई सम्झनु पर्छ ।

(ज) **"प्रस्ताव"** भन्नाले गोलभेला प्रशोधन केन्द्र निर्माणका लागि अनुदान पाउन पेश गरेको आवेदन विवरण सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ञ) **"मूल्याङ्कन समिति"** भन्नाले मूल्याङ्कन गर्न गठित दफा ६ बमोजिमको मूल्याङ्कन समितिलाई सम्झनु पर्छ ।

(ट) **"स्थानीय तह"** भन्नाले गर्ने गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>ः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुसारको गोलभेडाको उत्पादन तयार गरी उपभोक्ताहरूलाई स्वच्छ, ताजा, भरपर्दो, गुणस्तरीय प्रशोधित वस्तुहरू आन्तरिक साथै बाह्य बजारमा समेत नेपाली कृषि उत्पादनको पहुँच बढाउन सहयोग पुर्याउने ।

(ख) प्रशोधनको लागि आवश्यक पर्ने सामग्री तथा औजार प्रयोग गरी गोलभेलाको प्रशोधित गुणस्तरीय उत्पादन गर्न सहयोग पुर्याउने ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. <u>कार्यक्रम लागू हुने जिल्ला</u>ः यो कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ मा ललितपुर र मकवानपुर जिल्लाबाट प्रतिस्पर्धाको आधार एक स्थानमा सञ्चालन गरिनेछ ।आगामी वर्षहरुमा कार्यक्रमको संभाव्यता, प्रभावकारिता तथा बजेट व्यवस्थाको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गर्न सकिनेछ ।

५. <u>सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः</u> (१) निर्देशनालयले तीस दिनको म्याद दिई राष्ट्रिय पत्रिका अनुसूची -१ अनुसारको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि इच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थाहरुले उक्त सूचनामा तोकिएको समयमा अनुसूची -२ अनुसारको आवेदन र कागजातहरु, अनुसूची -३ बमोजिमको प्रस्ताव तथा अनुसूची -४ बमोजिमको प्रतिबद्धता पत्र समेत संलग्न राखी निर्देशनालयमा निवेदन र प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

६. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न निर्देशनालयमा तपसिल बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछः

(क) प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत, निर्देशनालय — संयोजक
(ख) प्रमुख, खाध सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय — सदस्य
(ग) प्रमुख, पोष्टहार्भेस्ट व्यवस्थापन शाखा, निर्देशनालय — सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय — सदस्य
(ङ) कानून अधिकृत (सम्भव भएसम्म), मन्त्रालय — सदस्य
(च) कृषि इन्जिनियर,कृषि यान्त्रीकरण शाखा, निर्देशनालय — सदस्य
(छ) प्रमुख, खरिद ईकाई, निर्देशनालय — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन (तीन) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

७. **मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजीमको हुनेछः

(क) मूल्याङ्कन समितिले अनुसूची -५ मा तोकिएका मूल्याङ्कनका आधार तथा आवश्यकताका आधारमा अन्य मूल्याङ्कन मापदण्ड तयार गरी रितपूर्वक दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन गरी छनौटका लागि सिफारिस गर्ने ।

(ख) सञ्चालित कार्यको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत प्रदान गर्ने ।

८. **प्रस्तावको जानकारीः** छनौट भएका प्रस्तावहरुको जानकारी सम्बन्धित अनुदानग्राहीलाई निर्णय भएको मितिले सात (७) दिन भित्र गराउनु पर्नेछ ।

९. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका अनुदानग्राहीले जानकारी प्राप्त गरेको पन्ध्र दिन भित्र अनुसूची -६ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(२) छनौट भएका प्रस्तावदाताहरुले पेश गरेको कार्ययोजनाको आधारमा र गोलभेडा प्रशोधन केन्द्र स्थापनाको लागि आवश्यक पर्ने न्यनूतम क्रियाकलापहरु समिटिने गरी लागत ईष्टिमेट तयार पारी सम्झौतामा उल्लेख गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेश्रो प्राथमिकतामा रहेका अनुदानग्राहीसँग नियमानुसार सम्झौता गर्न सकिनेछ ।

## परिच्छेद - ३
## आर्थिक पक्ष

१०. **अनुदान प्रवाह विधिः** (१) अनुदानग्राहीले निर्माण तथा खरिद कार्य गरीसके पछि बील, कार्य सम्पन्न प्रतिवेदन, स्थलगत कार्यको फोटोको आधारमा बढीमा २ किस्तामा रकम भुक्तानी गरिनेछ।

(२) स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधि भित्र रही कूल लागत रकमको बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(३) प्रत्येक किस्ता अनुदान रकम बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।

(४) अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

११. कन्टिन्जेन्सी वापत दुई प्रतिशत रकम राखिनेछ र सो रकम सूचना प्रकाशन, अनुगमन, बैठक भत्ता तथा अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

## परिच्छेद - ४
## अनुगमन तथा मूल्याङ्कन

१२. **अनुगमन तथा मूल्याङ्कनः** (१) प्रशोधन केन्द्र निर्माण कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय तथा मातहतका निकाय, मूल्याङ्कन समिति र सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार गर्न सक्नेछन् ।

(२) कार्यक्रम सञ्चालन पश्चात अनुसूची -७ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गरिनेछ ।

१३. **प्रगति प्रतिवेदन पठाउनु पर्नेः** अनुदानग्राहीले अनुसूची -८ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -५
## विविध

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१६. **कारवाहीको व्यवस्थाः** अनुदानग्राहीले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

अनुसूची -१

(दफा ५ सँग सम्बन्धित)

**गोलभेडा प्रशोधन केन्द्र निर्माण गर्न अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०.../..../....

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडाको आ.व ........ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गोलभेडा प्रशोधन केन्द्र स्थापना कार्यक्रम अन्तर्गत गोलभेडा प्रशोधन केन्द्र स्थापनाको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा................................... जिल्लाका ईच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थाबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र अनुसूची -२ आवेदन र सोही अनुसूचीमा माग गरेका कागजातहरु संलग्न राखी निर्देशनालयमा आवेदन एवम् प्रस्ताव दर्ता गर्नु हुन अनुरोध छ।

पुनश्चः गोलभेंडा प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -२
(दफा ५ सँग सम्बन्धित)
**आवेदन फारम**

श्रीमान् प्रमुख ज्यू,  मितिः
कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुर ।

विषयः गोलभेडा प्रशोधन केन्द्र स्थापना अनुदान सम्बन्धमा ।

महोदय,

कृषि विकास निर्देशनालय, हटौडा, मकवानपुरबाट गोलभेडा प्रशोधन केन्द्र निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत (आवेदकको नाम तथा ठेगाना)...................................... ले सञ्चालन गर्ने परियोजनाको व्यवसायिक योजना तयार गरी आवश्यक अन्य काजगात सहित अनुदान सहयोगको लागि निवेदन पेश गरेको व्यहोराअनुरोध गर्दछु/छौं । मैले/हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छौं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छौं ।

**संलग्न कागजातहरु**

१. रु १०।- को टिकट टाँसेको अनुसूची -२ अनुसारको निवेदन,
२. नेपाली नागरिकताको प्रतिलिपी,
३. संस्था दर्ता/नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,
४. बैठक निर्णयको प्रतिलिपि,
५. प्रशोधन केन्द्र निर्माणको लागि आवेदकको आफ्नै स्वामित्वमा घटिमा ५ रोपनी जमिन भएको वा कम्तीमा १० वर्षको लागि घटिमा ५ रोपनी जमिन लिजमा लिएको हुनुपर्नेछ र सो को प्रमाण पेश गर्नु पर्नेछ,
६. आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार,
७. आवेदकको बैक मौज्दातको विवरण वा बैकले लगानी उपलब्ध गराउने प्रतिबद्धता पत्र,
८. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे/नरहेको प्रमाणको कागजात,
९. अनुसूची -३ अनुसारको व्यवसायिक योजना/प्रस्ताव,
१०. आवेदकले आफू कालो सूचीमा सुचीकृत नभएको स्वघोषणा पत्र,
११. अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र ।

निवेदक
नामः
पदः
आवेदकको नामः
ठेगानाः
छापः

अनुसूची -३

(दफा ५ सँग सम्बन्धीत)

**प्रस्तावको ढाँचा**

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण:

| | |
|---|---|
| आवेदकको नाम: | |
| पूर्ण ठेगाना (पत्रचारको लागि) | |
| आवेदकको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषि सहकारी<br>२.कृषि फर्म<br>३.कृषि कम्पनी<br>४. कृषि उद्यमी |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नं. | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कुल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य स्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के-के उद्देश्यक लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस् | |

२. प्रस्तावनाको औचित्य तथा महत्त्व:

औचित्य:

महत्त्व:

तालिकाः ..........................को हालको व्यवसायको अवस्था

| क.सं. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| जम्मा | | | | | |

३. अनुदानग्राहीले लागत साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधिः

४. परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु :

| क.सं. | क्रियाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. वार्षिक आम्दानी र खर्च विश्लेषण (तालिका बनाई आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्)

निस्कर्षः प्रस्तावित परियोजनामा वार्षिक रुपमा ...............के.जी. ............प्रशोधन गरिने र उत्पादित वस्तुको बिक्रि वितरण बाट वार्षिक रु. ...............कुल आम्दानी गरिने योजना बनाइएको छ। फारमको प्रस्तावित योजना अनुसार वार्षिक रु. ........................ मुनाफा हुने र लाभ लागत अनुपात ............... रहने छ ।

८. लागत साझेदारीः

यस संस्थाले सञ्चालन गर्ने यो परियोजनाको कुल लागत करिब रु. .................अनुमान गरिएको छ जसमध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. ........................अपेक्षा गरिएको छ जुन कूल लागतको .........प्रतिशत मात्र हो ।

तालिकाःलागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क.स. | विवरण | वार्षिक खर्च (रु.) | अनुदान उपलब्ध गराउने संस्थाको (रु.) | अनुदानग्राहिको लागत (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

तालिकामा प्रस्तुत भए अनुसार पूँजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पूर्जी निर्माण) गर्न मात्र अनुदान रकम माग गरिएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस फर्मले आफ्ना अपेक्षित उपलब्धिहरु हाँसिल गर्नेछ । वार्षिक .............के.जी. प्रशोधन गरी ..................बिक्रि वितरण गर्न सकिनेछ । साथसाथै व्यवसाय सञ्चालन मार्फत वार्षिक रुपमा ..............जनालाई नियमित र ........जना/दिनको रोजगारी उपलब्ध गराउने र वार्षिक रु. .........रकम मुनाफा लिन सकिने भयको हुँदा लागत साझेदारीमा यो प्रस्ताब अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिब देखिन्छ ।

अनुसूची –४
(दफा ५ सँग सम्बन्धित)
<u>प्रतिबद्धता पत्र</u>

..................................को मिति...............................को सूचना अनुसार गोलभेडा प्रशोधन केन्द्र स्थापना कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>आनुदानग्राहीको तर्फबाट</u>
नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची -५

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधारहरू**

| क्र.स. | मूल्याङ्कनका आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| १<br>१.१<br>१.२<br>१.३ | निर्माण गरिने संरचनाको लागि प्रस्तावित जमिनको उपयुक्तता<br>पर्याप्त ५ रोपनी जमिन भएको (आफ्नै नाममा)<br>पर्याप्त ५ रोपनी जमिन भएको(संचालक वा शेयरहोल्डर)<br>पर्याप्त ५ रोपनी जमिन भएको(भाडामा) | ३०<br>३०<br>२०<br>१० | प्रमाण पेश गर्नु पर्ने |
| २<br>२.१<br><br>२.१<br><br>२.२ | प्रस्तावकको आर्थिक क्षमता<br>कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने क्षमता भएको<br>कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना देखिएको<br>कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना न्यून देखिएको | १५<br>१५<br><br>१०<br><br>५ | बैंक Balance statement वा Letter of Bank intent |
| ३<br>३.१<br>३.२ | प्रस्तावकको प्रकार<br>सहकारी<br>कृषि फार्म/कम्पनी/उद्यमी | १०<br>१०<br>८ | प्रमाण पेश गर्नु पर्ने |
| ४<br>४.१<br>४.२<br>४.३ | प्रस्तावित प्रस्तावकको आधारमा<br>आधुनिक प्रविधिमा आधारित<br>अर्ध आधुनिक प्रविधिमा आधारित<br>परम्परागत शैलीमा आधारित | २०<br>२०<br>१५<br>१० | आवेदन साथ पेश गर्नु पर्ने |
| ५<br>५.१<br>५.२ | भौतिक सुविधा(सडक, विजुली, पानी आदि )को अवस्था<br>सबै आधारभूत भौतिक सुविधा उपलब्ध<br>अपर्याप्त भौतिक सुविधा | १०<br>१०<br>५ | स्थानिय तहको सिफारिश |
| ६ | प्रस्तावको गुणस्तर तथा Financial Analysis(Pay back period analysis,B/C ratio,IRR,NPV) | १५ | प्रस्तावमा उल्लेख गर्नु पर्ने |
| | **जम्मा** | १०० | |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंङ्क प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ ।

अनुसूची -६
(दफा ९ सँग सम्बन्धित)
**सम्झौता पत्र**

कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुरबाट सञ्चालन गरिने चालु आ.व.................को गोलभेडा प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्न मिति........................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस निर्देशनालयको मिति...........................को निर्णयले जम्मा लागत रु............................... (अक्षरेपी ....................................................मात्र) मध्ये निर्देशनालयबाट अनुदान रकम रु ............................(अक्षरेपी ......................................................................मात्र) हुने गरी कृषि विकास निर्देशनालय, हेटौडा (पहिलो पक्ष भनिने), र .......................... कृषि सहकारी /कृषि फार्म/ कृषि कम्पनि/ कृषि उद्यमी (दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि ............ प्रारम्भ भएको मानिनेछ।
२. यो सम्झौतामा संलग्न स्वीकृत इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरी मिति.........सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।
३. यस सम्झौता बमोजिमको निर्माण सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।
४. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा दुई किस्तामा सम्झौता बमोजिमको रकम दोश्रो पक्षबाट प्राप्त बिल विजक, स्वीकृत कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिकको निरिक्षण तथा भुक्तानी सिफारिसको आधारमा उपलब्ध गराउनु पर्नेछ ।
५. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु.............. र दोस्रो पक्षको लागत सहभागिता रु.................व्यहोरिनेछ ।
६. दोस्रो पक्षले सम्झौता बमोजिमको गोलभेडा प्रशोधन केन्द्र स्थापना कार्यक्रममा लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।
७. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।
८. दोस्रो पक्षले कार्यक्रमको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको होडिङ्ग बोड राख्नु पर्ने छ ।
९. दोस्रो पक्षले सम्पन्न कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।
१०. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

११. परियोजना निर्माण सम्पन्न भइसकेपछि सोको सञ्चालन लगायत मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।दोश्रो पक्षले कम्तीमा ५ वर्षसम्म अविच्छिन्न रूपमा सम्झौता बमोजिमको प्रशोधन केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

१२. दोश्रो पक्षले आफ्नो परियोजनाको बिमा गराउनु पर्नेछ ।

१३. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएगा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१४.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको नाम र छापः | संस्थाको नाम र छापः |

साक्षीहरु

| | |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको नाम र ठेगाना : | संस्थाको नाम र ठेगाना : |

अनुसूची -७

(दफा १२ सँग सम्बन्धित)

## उपलब्धि अनुगमन सूचक

१. अनुदानग्राहीको नाम, ठेगानाः...............................................................

२. दर्ता नं...........................

३. सञ्चालन गरेको व्यवसाय :

४. व्यवसायको प्रकारः नयाँ........./ पुरानो.............

५. लाभान्वित घरधुरी परिवार संख्याः.............

६. प्रदेश सरकारबाट अन्य कार्यमा अनुदान प्राप्तः हो...... / होइन.........

७. जम्म सञ्चित पूजी वा बचतः................

८. हाल प्राप्त अनुदानको प्रकारः चालुमात्र.........../ पुँजीगत मात्र......../ दुवै..........

९. रोजगारीको अवस्थाः महिला............. पुरुष.............

१०. हालको व्यवसायिक विवरणः

| क.सं. | सञ्चालित मुख्य क्रियाकलापहरू | जम्मा लागत | अनुदानग्राहीको तर्फबाट रु | सम्बन्धित निर्देशनालयको तर्फबाट रु | मुख्य क्रियाकलापले पारेको सकारात्मक प्रभाव वा मुख्य उपलब्धि |
|---|---|---|---|---|---|
| क. | चालु खर्च सँग सम्बन्धित | | | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| | जम्मा | | | | |
| ख. | पुँजीगत खर्च सँग सम्बन्धित | | | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | | |
| ग. | चालु+ पुजीगत ( कूल जम्मा) | | | | |

जम्मा लगानी रु............................

लागत सहभागिता रु............................

अनुदान प्राप्त रु.................................

११. अनुदानग्राहीले आफ्नै पहलमा गरेका कृषि व्यवसायिकरनाका मुख्य मुख्य कार्यहरुः

१२. आगामी योजनाहरूः

अनुदानग्राहीको नाम र छाप :

मिति :

अनुसूची -८

(दफा १३ सँग सम्बन्धित)

**प्रगति प्रतिवेदनको ढाँचा**

कार्यक्रमको नाम:

कार्यक्रम सञ्चालन गर्ने निकायको नाम:

कार्यक्रम सञ्चालन अवधि:

| क्र.स. | कार्यक्रमको नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

कार्यक्रम प्रमुख

दस्तखत:

नाम:

पद: